# इटहरी उपमहानगरपालिका

इटहरी, सुनसरी

(सहकारी शाखा)

कोशी प्रदेश, नेपाल

प.स. २०८०/८१

मिति : २०८०/०६/१४

च.नं 80

विषय : जानकारी गराईएको वारे ।

श्री सहकारी संस्थाहरु सवै ।

(इटहरी उपमहानगरपालिकाको नियमन क्षेत्र भित्रका )

उपरोक्त सम्वन्धमा सहकारी संस्थाहरुको साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र अनिवार्य रुपमा सम्पन्न गरिसक्नु पर्ने कानुनि व्यवस्था भए मुताविक सहकारी संस्थाहरुले धमाधम साधारणसभा गर्दै आएकोमा तपसिल अनुसार केहि महत्वपुर्ण विषयहरुलाई मध्यनजरगरि साधारण सभाका प्रकृया पुरा गर्न हुन र साधारण सभा सम्पन्न भएको मितिले १५ दिनभित्र सहकारी शाखामा प्रतिवेदन वुझाउनहुन जानकारीका लागि अनुरोध छ ।

तपसिल

१) अघिल्लो वार्षिक साधारण सभाको निर्णय अनुसार नियुक्ति सिफारिस भएका लेखापरिक्षक लाई असोज मसान्त भित्र (आ.व.समाप्त भएको तिन महिना भित्र) लेखापरिक्षण गर्न नियुक्तिगरी नियमानुसार सो को जानकारी सहकारी शाखा लाई अनिवार्य रुपमा गराउनु पर्ने ।

लेखापरिक्षक नियुक्ति को जानकारी गराउदा आवश्यक कागजात

- सम्वन्धित सहकारी संस्थाले शाखालाई ले.प.नियुक्तिको जानकारी गराएको पत्र
- लेखापरिक्षकको नियुक्ति पत्र
- विगत तिन वर्षमा नियुक्ति गरिएको लेखापरिक्षकको विवरण
- लेखापरिक्षकका कागजातहरु (स्वघोषणा,नेपाल चार्टर एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र ,प्यान दर्ताको प्रमाणपत्र,नविकरण गरेको प्रमाण,करचुक्ता प्रमाणपत्रको प्रतिलिपि)
- गत साधारण सभावाट लेखापरिक्षक नियुक्ति गर्ने निर्णयको प्रतिलिपि
- लेखापरिक्षक नियुक्ति गर्न संचालक समितिले गरेको निर्णय प्रतिलिपि

२) साधारणसभाको मिति कम्तिमा ३० (तिस) दिन अगावै तोक्ने ।

३.निर्वाचन हुने सहकारी संस्थाको हकमा साधारण सभाको मिति तोक्नु अगावै विनियम वमोजिम गरि निर्वाचन उपसमिति गठन गर्नु पर्ने साथै निर्वाचन उपसमितिले निर्वाचनको सवै प्रकृया पुरागरी परिणाम घोषणा गरि साधारण सभाले प्रमाणित गर्ने र निर्वाचित लाई निर्वाचन उपसमितिको संयोजकले सपथग्रहण गराउने । साथै

# इटहरी उपमहानगरपालिका

इटहरी, सुनसरी
(सहकारी शाखा)

कोशी प्रदेश, नेपाल

प.स. २०८०/८१
च.नं. : 80

मिति : २०८०/०६/१४

- निर्वाचित संचालक समिति र लेखासुपरिवेक्षण समितिको पदाधिकारीहरु र सदस्यहरुको फोटो टाँस गरिएको तिनपुस्ते विवरण दुईप्रति र संस्थाको स्विकृत कार्यक्षेत्रभित्र स्थायि वसोवास भएको आधिकारिक कागजात सहित साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सहकारी शाखामा पेश गर्नु पर्ने ।
- सहकारी ऐन  मा व्यवस्था भए अनुसार एउटै व्यक्ति लगातार एउटै पदमा दुईपटक भन्दा वढी पदाधिकारी हुन पाउने छैन ।
- सहकारी नियमावली वमोजिम सहकारी संस्था दर्ता तथा नियमन सम्वन्धि कार्यमा प्रतक्ष्य रुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजानिक पदमा वहाल रहेको पदाधिकारी वा नेपाल सरकार ,प्रदेश सरकार वा स्थानिय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखासुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने हैन ।

४) साधारण सभाको मिति तोकिसकेपछि यथासक्य चाडो पत्राचार लगायत विभिन्न माध्यमवाट सवै सदस्यलाई जानकारी गराउनु पर्ने ।

५) सदस्यहरुलाई साधारण सभाको जानकारी गराउने सुचना जारी भएको ३(तिन) दिन भित्र सहकारी शाखालाई जानकारी गराउनु पर्ने ।

६) नियामक निकायहरुवाट निर्देशन प्राप्त भएको भए साधारण सभामा उक्त निर्देशन जानकारी गराउनु पर्ने ।

७) साधारण सभाको निर्णयपुस्तिका प्रमाणित गर्नको लागि संस्थाको संचालक समिति सवै र संचालक समितिको संख्या भन्दा कम्तिमा एकजना वढि प्रतिनिधि चुनि निर्णय प्रमाणिकरण गराउनु पर्ने ।

८) विनियम संसोधन / पुर्नलेखित विनियम को सन्दर्भमा सहकारी शाखावाट सैद्दान्तिक सहमति लिएर मात्र साधारण सभामा पेशगरी पारित गराउने र साधारण सभाको निर्णय पश्च्यात संसोधित विनियम /पुर्नलेखित विनियम स्विकृतिका लागि सहकारी शाखामा/दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने ।

सैद्दान्तिक सहमतिको लागि आवश्यक कागजात

- सैद्दान्तिक सहमतिको लागि संस्थाको पत्र
- संचालक समितिको निर्णय प्रतिलिपि
- विनियम संसोधनको लागि तिनमहले फारम भरी सञ्चालकको दस्तखत सहित को हुनु पर्ने ।
- विनियम पुर्नलेखनको लागि तयार गरिने तिनमहले फारम  संचालकको दस्तखत सहित र पुर्नलेखित विनियम मस्यौदा

संसोधित विनियम/पुर्नलेखित विनियम स्विकृतिका लागि आवश्यक कागजात

- स्विकृतिका लागि संस्थाको पत्र
- साधारण सभाको निर्णय प्रतिलिपि

२०८०/०६/१४
बालकुमार पोखरेल

# इटहरी उपमहानगरपालिका
## इटहरी, सुनसरी
(सहकारी शाखा)

कोशी प्रदेश, नेपाल

मिति : २०८०/०६/१४

प.स. २०८०/८१
च.नं ४०

- विनियम संसोधनको लागि साधारण सभा वाट पारित तिनमहले फारम सञ्चालकको दस्तखत सहित २ (दुई) प्रति
- विनियम पुर्नलेखनको लागि साधारण सभावाट पारित संसोधन सहित को पुर्नलेखित विनियमको मस्यौदा सञ्चालकको दस्तखत सहित २(दुई) प्रति

पुनश्च : थप जानकारीको लागि नगर सहकारी ऐन२०७५,नियमावली २०७६ ,संस्थाको विनियम का साथै सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था ) निर्देशिका २०७६ र सहकारी विभाग वाट मिति २०७९।०२।१२ गते जारि सहकारी संघसस्थामा शुसासन प्रवर्द्धन को लागि एकिकृत निर्देशन २०७९ समेत अध्ययन गर्नहुन ।

०८०।०६।१४
बालकुमार पोखरेल
सहकारी शाखा प्रमुख